दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - २ संख्या - ६ मितिः २०७५।११।०५

**भाग - १**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।१०।२८ |

# दुहुँ गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन २०७५

गाउँसभाबाट पारित मिति २०७५।१०।२८
प्रमाणिकरण मिति २०७५।११।०३

**प्रस्तावना:**

गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम दुहुँ गाउँपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस को नाम “दुहुँ गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७५” रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) “गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ।

(घ) “कार्यपालिका” भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ।

(ङ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ।

(च) “पूर्वाधार” भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ।

(छ) “जलश्रोत” भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) “उपभोक्ता संस्था” भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ।

(ञ) “अमानत” भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ।

## परिच्छेद २
## स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरुको बर्गीकरण :** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको बर्गीकरण र बृहत्तर सडक सञ्जाल गूरुयोजना तयार गर्नेछ।

(२) गाउँपालिका स्तरमा मूख्यतः निम्नानुसारका सडकहरु रहनेछन् :

(क) पालिका सडक : गाउँपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा बर्गीकरण गरिनेछ। यस्ता सडकको चौडाई न्यूनतम छ मिटर हुनु पर्नेछ।

(ख) वस्ती सडकः गाउँपालिकाका बस्तिहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा बर्गिकरण गरिनेछ । यस्ता सडकहरु चार देखि पाँच मिटरसम्म चौडा हुनेछन् ।

(ग) कृषि सडकः गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन् ।

(घ) घोडेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा वढी गाउँ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटो को रुपमा वर्गिकरण गरिने छ । यसको न्यनतम चौडाई २ मिटरको हुने छ ।

(ङ) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडक सम्म जोडिने अधिकतम १ किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यसको चौडाई न्यूनतम ३ फिटको हुने छ ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत वढी हुनेगरी निर्माण गर्नु पर्दछ ।

४. **मापदण्ड निर्धारण गर्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने**: (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काईने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धीत जग्गा धनीलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।

६. **सडकको आवागमनमा बाधा पुऱ्याउने नहुने** : (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

## ्परिच्छेद ३

**जलस्रोतहरुको संरक्षण र उपयोग**

७. **जलश्रोतको उपयोग :** (१) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

क) पिउने पानी

ख) सिँचाई

ग) पानी घट्ट, औद्यागेगिक वा निर्माण प्रयोजन

घ) जलविद्युत

ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) गाउँपालिका क्षेत्र भित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहानको सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

८. **अनुमति लिनु पर्ने** : (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन् :

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न ,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न ,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(३) सो सम्वन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायीक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायीक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जे सुकै लेखिएको भएतापनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन् ।

९. **्खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायीक लाभ व्यवस्थापन** :- (१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिँचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उलभोक्ता संस्था को गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्ने छ ।्

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ ।

१०. **जल उपभोक्ता संस्थाको गठन** : (१) दफा ११ वमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुने छ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ । अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नुपर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए वमोजिम हुने छ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नुपर्ने कर फर्स्यौट गर्नुपर्ने छ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्ने छ ।

(६) यसरी तोकिए वमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

११. **जलस्रोतको ब्यवसायीक उपयोगका लागि अनुमति लिनुपर्ने** : (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको ब्यवसायीक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(घ) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय

जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमिति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद ४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

१२. **स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने** : (१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा वढि खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो वोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नुपर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व

(झ) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । वोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय ब्यवस्थापन लगायतका कार्य आफैं गर्न सक्नेछ ।

१३. **खानेपानी तथा सिंचाईको शुल्क निर्धारण**: (१) खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्नेछ :-

(क) गाउँपालिकाको प्रमुख — अध्यक्ष

(ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि — सदस्य

(ग) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य सचिव

## परिच्छेद ५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

१४. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने:** (१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नर्म्स तयार गर्नेछ ।

१५. **भवनको दर्ता** : (१) गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

१६. **भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्डबमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिंदा नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) भवन निर्माण गर्दा आवासिय भवनको हकमा २५० बर्ग मिटर सम्मको भवन बनाउंदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट १.५ मिटर सेटव्याक छोड्नु पर्दछ ।

१७. **बस्ति विकासको लागि अनुमति दिने**: (१) गाउँपालिका भित्र कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ति विकासको बिस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

## परिच्छेद ६

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१८. **पूर्वाधार आयोजना तर्जुमा** : (१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरि आयोजनाको विवरण तयार गर्नु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

१९. **लागत अनुमान तयार गर्नुपर्ने :** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि वढाउनु पर्नेछ ।

२०. **पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन** : (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ :-

(क) रु. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट

(ख) रु. तीस लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु. साठी लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत

(घ) रु. साठी लाख भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके वमोजिमका निर्माण व्यवसायी मार्फत

(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत

२१. **उपभोक्ता समिति मार्फत गर्न सकिने :** (१) रु. तीस लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ७ देखि ११ जना सम्मको समिति गठन गरिने छ । यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्ने छ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुने छ । निर्माण सकिएपछि पनि निर्माण अवधि वरावरकै वाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिने छ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १५ नगद लागत सहभागिता र १५ प्रतिशत श्रमदान गर्नु पर्नेछ ।

(५) नगद सहभागीताको रकम सम्वन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्ने छ ।

२२. **स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः** (१) गाउँपालिका ले ६० लाख रूपैयाँ सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले ब्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम गाउँपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई सम्बन्धित गाउँपालिकामा निर्माण कार्य गर्ने ईजाजत सहितको ब्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण ब्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ ।

उपदफा (२) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिनाभित्र नवीकरण गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनुपर्ने छ :

(क) न्यूनतम रु. २ लाख सम्मको चालू पूँजी देखाई गाउँपालिकामा ब्यवसाय दर्ता भएको

(ख) ब्यक्ति वा ब्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम रु. ५ लाख सम्म वैंकीङ कारोबार गरेको

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु. ३ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको ।

२३. **स्थानीय निर्माण व्यवसायी बाट पूर्वाधार निर्माण गराइने :** (१) गाउँपालिकाले दफा २० बमोजिमका स्थानीय निर्माण व्यवसायीहरु मार्फत रु. साठी लाख सम्मको काम गराउन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिश्पर्धाका आधारमा छनोट गर्न सक्ने छ ।

(३) गाउँपालिकामा दर्ता भएका ब्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको ब्यवस्था हुनेछ :

क) रित पूर्वक गाउँपालिकाको संक्षिप्त सूचीमा सूचिकृत ब्यवसायीहरु मध्ये बाट १५ दिनको सूचना दिई प्रस्ताव माग गर्न सकिने ।

ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने ।

ग) न्यूनतम कवोल गर्ने ब्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिनभित्र सम्झौताका लागि आब्हान गर्ने ।

घ) छानिएका ब्यवसायीले कवोल रकमको १५% बैंक ग्यारेन्टी सहित सम्झौताका लागि आउनु पर्ने ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उपकरार गर्न सकिने छैन । कुनै कारणवश आफैंले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना गाउँपालिकालाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएमा गाउँपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरेको मितिले पैंतीस दिनभित्र गाउँपालिका कार्यालयमा पेश गर्नु पर्दछ ।

**२४. पूर्वाधार मर्मत संभार कोषः (१) गाउँपालिका भित्र रहेका गाउँ स्तरीय वा केन्द्र /प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।**

**(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी ईत्यादिबाट प्राप्त रोयल्टि रकमको एक प्रतिशत रकम दाखिला गरीनेछ ।**

## परिच्छेद ७

### पूर्वाधार अनुगमन तथा मूल्याँकन सम्बन्धी व्यवस्था

२५. **पूर्वाधार अनुगमन समितिको गठन** : गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरु को गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि सम्वन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु मध्येबाट एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका उपाध्यक्ष — अध्यक्ष

(ख) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष — सदस्य

(ग) पूर्वाधार निर्माण सम्वन्धि ज्ञान भएका विज्ञहरु मध्ये एक महिला सहित२ जना सदस्य

(घ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख — सदस्य सचिव

२६. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२७. **अनुगमन पश्चात निर्देशन दिन सक्ने** : (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

२८. **सहमति दिनुपर्ने** : गाउँपालिका आफैंले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ ।

२९. **कारबाहीको सिफारिस गर्न सक्ने :** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरबाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

३०. **कालो सूचीमा राख्ने** : (१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविश्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई संझौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

३१. **प्राविधिक मूल्याँकन गर्नु पर्ने :** (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याँकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित् गरीनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाचार संरचनाको निर्माण तथा सञ्चालन

३२.. **निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** : (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनी संग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई सँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझोदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल वाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ :-

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिए वमोजिम वा अधिकतम २२ वर्ष ।

३३. **प्रस्ताव आव्हान गर्न सक्ने** : (१) गाउँपालिकाले पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछ :-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधी

३४. **प्रस्ताव छनौट र संझौता** : (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्धारा तपसीलका आधारहरुमा मूल्याँकनका गराई प्रस्ताव छनोट गर्न सक्ने छ :

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावक संग गाउँपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ ।

३५. **संचालन तथा व्यवस्थापन**: (१) संझौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धीत साझेदारको हुनेछ । सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एकअर्को लाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्ने छ ।

## परिच्छेद ९

## वातावरण, भूसंरक्षणतथा वैकल्पीक उर्जा

३६. **वातावणीय प्रभाव मूल्याँकन सम्बन्धी व्यवस्था**: (१) गाउँपालिकाले ६० लाख देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्ने छ ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्विकृति गाउँपालिका स्वयंले गर्न सक्नेछ ।

(३) वातावरणीय परिक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपि गाउँपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सूझाब माग गर्नु पर्नेछ ।

**३७. <u>बैकल्पिक ऊर्जालाई प्रोत्साहन</u>:** पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्ने छ ।

(१) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(२) घरेलु सौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा १० प्रतिशत सम्म छुट दिन सक्ने छ ।

**३८. <u>भूक्षय नियन्त्रण</u> सम्वन्धी कार्य गर्न सक्ने:** (१) गाउँपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका ब्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र ब्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्‍याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा गाउँपालिकाले अधिकतम ७ वर्षका लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

**३९. <u>फोहरमैला तथा फोहरपानी व्यवस्थापन</u>:** (१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्ने छ ।

(२) गाउँपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिका संग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १०

**<u>विविध</u>**

**४०.. <u>अन्तर स्थानीय समन्वय</u>:** (१) एक भन्दा बढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

**<u>४१. प्रचलित कानून बमोजिम हुने</u>** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४२. **नियम वनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

४३. **बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

## अनुसूची (१)

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा ट्रली वस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा संचालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, सहकार्य

(ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(च) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(छ) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

(ज) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(ट) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन

(ठ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

(ड) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालनर र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ढ) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ण) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(त) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धी तथा प्रवर्द्धन

आज्ञाले,

शिवराज भट्ट

निमित्त प्रमुख प्रशासकीय अधिकृत